स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक


# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता आर्यन सिग्देल अहिले हङकङमा छन् । फिल्म 'पुजार सार्की'को प्रदर्शनका लागि उनीहरु त्यहाँ पुगेका छन् । फिल्मको आयोजित शो राम्रो भएको लेखक सुवेदीले बताए । 'हङकङमा 'पुजार सार्की'ले व्यापारमा नयाँ रेकर्ड कायम गरेको छ', सुवेदीले भने 'यसअघि यहाँ प्रायः सामुदायिक हलहरुमा प्रोजेक्टरको प्रयोग गरी फिल्म प्रदर्शन हुँदै आइरहेका रहेछन्, हाम्रो फिल्म भने अत्याधुनिक आइम्याक्स सिनेमा हलमा नै चल्यो ।'

**आजको विचार...**



नायकहरू ... (दुई पेजमा)

डा. नारायण चालिसे

अभिनेत्री प्रियंका कार्की अनुबन्धित भएकी छन् । बाबू साहेब बलामीको कन्सेप्टर निर्देशनरहने फिल्मका लागि प्रियंकालाई हालै निर्माण पक्षले अनुबन्धित गरेको हो । फिल्म युनिटले प्रियंकाको पोस्टरलुक पनि सार्वजनिक गरेको छ । सार्वजनिक पोस्टरलुकमा प्रियंकालाई ग्रामिण महिलाको चरित्रमा देखाइएको छ । निर्देशक बलामीले सत्य घटनामा आधारित हुने भनिएको फिल्ममा महिलाको पीडा देखाइने बताए । 'दलित महिलाको श्रीमान नभएपछि समाजले ऊमाथि कस्तो दृष्टि लगाउछ ?



❐ वर्ष २९ ❐ अंक ३३३ ❐ २०८१ असार १८ गते मंगलबार 2 July 2024, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### भारतले 'ग्लोबल इन्डिया एआई' शिखर सम्मेलन गर्दै

**(रासस/एएनआई)**

**नयाँदिल्ली(भारत),** असार १७/भारतले आगामी जुलाई ३ र ४ मा नयाँ दिल्लीमा इलेक्ट्रोनिक्स र सूचना प्रविधि मन्त्रालयको तत्वावधानमा 'ग्लोबल इन्डिया एआई' शिखर सम्मेलन २०२४ आयोजना गर्दैछ । इलेक्ट्रोनिक्स र आईटी मन्त्रालयको प्रेस विज्ञप्तिअनुसार, शिखर सम्मेलनको उद्देश्य अन्तर्राष्ट्रिय एआई विशेषज्ञबीच सहयोग र ज्ञान आदान प्रदानलाई बढावा दिने, नैतिक र समावेशी एआई विकासमा भारतको समर्पणलाई सुदृढ पार्नु हो । ग्लोबल इन्डिया एआई शिखर सम्मेलन २०२४ ले विज्ञान, उद्योग, नागरिक समाज, सरकार, अन्तर्राष्ट्रिय सङ्गठन र शिक्षाविद्लगायत विभिन्न क्षेत्रका हितग्राहीका लागि महत्वपूर्ण मञ्चको रूपमा काम गर्नेछ ।सम्मेलनले प्रमुख एआई मुद्दाहरू छलफल गर्न, अन्तरदृष्टि साझा गर्न र एआई इकोसिस्टमले सामना गर्ने चुनौतीलाई सम्बोधन गर्नेछ । शिखर सम्मेलनको आयोजनाबाट भारतले सुरक्षित समाजका लागि फाइदाजनक उन्नत प्रविधिमा ध्यान केन्द्रित गर्दै विश्वव्यापी एआई समुदायमा एक सक्रिय खेलाडीको रूपमा आफ्नो भूमिकालाई पुन: पुष्टि गरिरहेको छ ।


# पाल्पासहित लुम्बिनीका ९ जिल्ला बाढी पहिरोको उच्च जोखिममा

## मनसुन थप सक्रिय हुने भएकाले सतर्क रहन आग्रह

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असार १७/पाल्पासहित लुम्बिनीका ९ जिल्ला बाढी पहिरोको उच्च जोखिममा रहेका छन् । जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले बुलेटीनमार्फत लुम्बिनी प्रदेशका पाल्पा, गुल्मी,कपिलवस्तु, रुपन्देही, अर्घाखाँची, प्युठान, नवलपसारी पश्चिम, रोल्पा र रुकुमपूर्व बाढी पहिरोको उच्च जोखिममा रहेका बताएको हो ।

सोमबारदेखि विहीबारसम्म मनसुन थप सक्रिय रहने भएकाले यि क्षेत्रमा बाढी पहिरोको जोखि उच्च रहेको महाशाखाले आइतबार जारी गरेको बुलेटीनमा उल्लेख छ । महाशाखाका अनुसार कोशी प्रदेशका ताप्लेजुङ, पाँचथर,





सङ्खुवासभा, तेह्रथुम, मोरङ, झापा, सुनसरी, इलाम, धनकुटा, भोजपुर, खोटाङ, सोलुखुम्बु, र ओखलढुङ्गा, बागमती प्रदेशका मकवानपुर, चितवन, सिन्धुपाल्चोक र दोलखा तथा गण्डकीका म्याग्दी, बागलुङ, कास्की, पर्वत, स्याङजा, तनहुँ, नवलपरासीपूर्व र लमजुङ पनि बाढी पहिरोको उच्च जोखिममा छन् । यो वर्षको मनसुनमा मुलुकभरि नै सरदरभन्दा बढी पानी पर्ने आकलन गरिएको छ । त्यसबाट मनसुनजन्य प्रकोप अत्यधिक हुनसक्ने भन्दै मौसम विभागले पूर्वतयारीका लागि सरोकारवालालाई सचेत गराएको छ ।

विभागले बुलेटीन सार्वजनिक गर्दै देशभर बिहीबारसम्म मनसुन थप सक्रिय हुने भएकाले सतर्क रहन आग्रह गरेको हो । उसले विशेषगरी उच्च जोखिममा रहेका क्षेत्रहरुमा विहीबारसम्म भू-क्षय, पहिरो तथा गेग्रान, वहावको जोखिम रहेको, सहरी तथा तराइ क्षेत्रहरुमा डुवानको जोखिम रहेको, ठूला तथा साना नदी नाला र खोलाहरुमा पानीको सतह बढ्न सक्ने, दैनिक जनजीवन, कृषि, स्वास्थ्य, सडक तथा हवाई यातायात समेत प्रभावित हुन सक्ने भएकाले आवश्यक सर्तकता तथा पूर्वतयारी अपनाउन सबैमा अनुरोध समेत गरेको छ । मनसुन अवधिमा देशभर साधारणतयादेखि पूर्णतया बदली रही धेरै स्थानमा हल्कादेखि मध्यम वर्षा हुनेछ ।

**बाँकी अन्तिम पेजमा...**

## शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं

- खुल्ला स्थानमा दिसापिसाब नगरौं ।
- शौचालयमा मात्र दिसापिसाब गरौं।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं ।
- हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं ।
- सफा कपडा वा तौलियाले हात पुछौं ।

*जीवाणुलगायतको संक्रमणबाट बचौं र बचाऔं ।*

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# पाल्पासहित देशभर नेपाल प्रेस युनियनको धर्ना

**पाल्पा,** असार १७/नेपाल प्रेस युनियन पाल्पा शाखाले पनि नेपाल पत्रकार महासंघ पाल्पाको कार्यालयमा धर्ना दिएको छ । पत्रकारको शुद्धीकरण र नयाँ सदस्यता वितरणको विषयमा असमति जनाउँदै युनियनले केन्द्रीय कार्यसमितिको निर्णय अनुसार महासंघको कार्यालय म्यालधारामा सोमबार बिहान ११ बजेदेखि दिउँसो १ बजेसम्म धर्ना दिएको हो ।

पत्रकार महासंघले सदस्यता शुद्धिकरणको नाममा विधि र प्रकिया मिच्दै क्रियाशील पत्रकार हटाउने र गैर पत्रकारलाई मतदाता नामावलीमा समावेश गरेर निर्वाचन प्रक्रिया अगाडि बढाउन थालेपछि युनियनले शनिबार पत्रकार महासंघका देशैभरका कार्यालयमा तालाबन्दी गरेर आन्दोलनका कार्यक्रम सुरु गरेको थियो । युनियनमा आवद्ध पत्रकारहरुले पाल्पासहित केन्द्रीय कार्यालयदेखि प्रदेश समिति र सबै शाखा



कार्यालयहरुमा सांकेतिक रुपमा आन्दोलन स्वरुप धर्ना दिएका छन् ।

पाल्पामा भएको धर्ना कार्यक्रमलाई सम्बोधन गर्दै युनियनका केन्द्रीय उपाध्यक्ष माधव अर्यालले पत्रकार महासंघको गरिमा जोगाउन युनियनले देशैभर सांकेतिक रुपमा आन्दोलन गरेको बताए । उनले भने 'महासंघमा गएको हाम्रो नेतृत्व वर्गको कमीकमजोरी र असक्षमताका कारण पत्रकार महासंघको गरिमा माथि आँच आउने काम भएकाले हामी आन्दोलनमा उत्रिनु परेको हो ।' प्रेस युनियनका क्रियाशिल पत्रकारहरुलाई हटाएर अन्य संगठनमा गैर पत्रकारहरुलाई राखेर सदस्यता दिने प्रयास भएको छ त्यसको विरुद्ध युनियन सशक्त रुपमा लागेको केन्द्रीय उपाध्यक्ष अर्यालले बताए । 'प्रेस युनियनका क्रियाशिल पत्रकारहरुलाई यो वा त्यो वाहानामा हटाउने र अन्य संगठनका साथीहरु राजनीतिक दलका केन्द्रीय, प्रदेश, जिल्ला, क्षेत्रिय समितिमा बसेकाहरुलाई केही नहुने ?' उनले भने 'युनियनका साथीहरुलाई सामान्य बहाना बनाएर निकाल्ने जुन प्रपञ्च रचिएको छ त्यसको युनियनले घोर विरोध गर्दछ ।'

महासंघको विधान विपरित गैर पत्रकारलाई सदस्य दिएर महासंघमा भित्र्याउने जुन कार्य भइरहेको छ त्यो गलत भएको युनियन पाल्पाका निवर्तमान सभापति भरत शर्माले बताए ।

**बाँकी अन्तिम पेजमा...**

## जना प्रविधि

# फोन चार्जमा राख्दा गर्नु हुन्छ कि यस्ता गल्ती ?

तपाई भएको ठाउँमा आएर कसैले स्मार्टफोन गलत तरिकाले चार्ज गरिरहनु भएको छ भनेर भन्यो भने तपाईं के भन्नु हुन्छ ? सुरुमा त तपाईंलाई यो मसँग जिस्किएको होला भन्ने लाग्दो हो । मैले स्मार्टफोन चलाउन थालेको यतिका वर्ष भइसक्यो फोन कसरी चार्ज गर्ने भनेर सिकाउने यो को हो ? भन्ने सोच पनि तपाईको मनमा आउन सक्छ । तर समस्या के छ भने हामीमध्ये धेरैलाई स्मार्टफोन चार्ज गर्ने सही तरिका नै थाहा छैन । अहिले स्मार्टफोनमा धेरै क्षमताको ब्याट्री र अनि फास्ट चार्जिङ छ । तर चार्जमा राख्दाखेरिका हाम्रा केही बानीले फोन र ब्याट्री दुबैलाई क्षति पुर्यारहेको छ । आजको यस लेखमा हामी ब्याट्री र फोन दुबै लामो समयसम्म टिकाउन मद्दत गर्ने केही बानीबारे कुराकानी गर्नेछौं ।



**असली चार्जरको प्रयोग :** फोनलाई चार्जमा राख्दा फोनको साथमा आएको चार्जरको मात्रै प्रयोग गर्नुस् । ओरिजिनल चार्जर बिग्रिएको छ भने पनि सोही ब्रान्डको असली चार्जर किन्नुस् । बजारमा पाइने जस्तो सुकै चार्जर किनेर प्रयोग गर्नु खतरनाक हुन सक्छ ।

**धेरै चार्ज नगर्ने :** मोबाइल फोन धेरै चार्ज गर्ने बानी छ भने यसबाट बच्नुस् । हरेक पटक फोनलाई चार्जमा राख्दा ८० देखि ९० प्रतिशतसम्म मात्र चार्ज गर्नुस् ।

**फास्ट चार्जिङबाट बच्ने :** फास्ट चार्जिङले ब्याट्रीको जीवन नष्ट गर्छ । फोन चार्ज गर्न तपाई २० वाट सम्मको चार्जर प्रयोग गर्न सक्नुहुन्छ ।

**तातोबाट मोबाइललाई बचाउने :** मोबाइललाई तातो ठाउँमा वा प्रत्यक्ष घाममा राख्नु हुन्न । अत्यधिक गर्मीले फोनको ब्याट्री फुल्न सक्छ र यो बिग्रन पनि सक्छ ।

**चार्जिङ केबलको ख्याल राख्नुस :** फोन चार्जमा राख्दा अरूको चार्जर प्रयोग नगर्नुस् । सधैं ओरिजिनल वा फोन किन्दा साथमै आउने चार्जिङ केबल मात्रै प्रयोग गर्नुस् ।

**ओछ्यानमा नराख्ने :** फोनलाई चार्जमा राख्दा ओछ्यान वा सोफा राख्नु हुन्छ । यी ठाउँमा फोन चार्जमा राख्दा फोन तात्न सक्छ । यो फोनको ब्याट्रीको स्वास्थ्यका लागि राम्रो हुँदैन ।

**रातभरि चार्जमा नराख्ने :** हामीमध्ये धेरैको बानी हुन्छ कि मोबाइल चलायो चलायो अनि ब्याट्री निल बनाएर रातभरि चार्जमा राखिदियो । यस्तो गर्दा ब्याट्री ओभरचार्ज हुन्छ र फोन तातेर बिग्रन सक्छ । ***-रातोपाटी डटकम***

# गुगल म्यापमा कुनै ठाउँ कसरी सेभ गर्ने ?




यदि कुनै ठाउँको बारेमा जानकारी लिनका लागि होस् वा कुनै ठेगाना खोज्नका लागि किन नहोस्, सबैभन्दा पहिले गुगल म्याप्सको सम्झना आउँछ । र, गुगलबाटै मानिसहरुले सजिलैसँग आफ्नो घरको ठेगाना वा आफू पुग्नुपर्ने गन्तव्य पत्ता लगाउँछन् । कहिलेकाहीं यस्तो पनि हुन्छ कि मानिसहरु पहिले नै कुनै ठाउँमा गएका हुन्छन् तर त्यहाँको बाटो याद हुँदैन । यस्तोमा यदि गुगल म्याप्समा कुनै ठाउँको अवस्थितिलाई सेभ गरियो भने दोश्रोपटक त्यहाँ सजिलैसँग पुग्न सकिन्छ । गुगल म्याप्समा यसका लागि कुनै ठाउँको ठेगाना सेभ गर्ने फिचर रहेको छ । डेस्कटपमा यसरी सेभ गर्नुहोस् कुनै ठाउँको लोकेसन कुनै ब्राउजरमा सबैभन्दा पहिले गुगल म्याप्स खोल्नुहोस् वा httpsM//maps.google.com मा जानुहोस् । त्यसपछि जुन ठाउँको लोकेसन सेभ गर्न चाहनुभएको हो, उक्त ठाउँ खोज्नुहोस् र लोकेसनमा क्लिक गर्नुहोस् । त्यसपछि तपाईंले नक्सामा ठाउँको नाम क्लिक गरेर त्यसलाई मार्क गर्नुपर्ने हुन्छ ।

-पप अप मेन्यूमा उक्त ठाउँको सबै जानकारी आउने छ ।

-पपअप विन्डोमा उक्त ठेगानावाला ठाउँको लोकेसन सुरक्षित गर्ने विकल्प देखिनेछ, त्यसलाई सेभ गर्नुहोस् ।

-त्यसपछि पहिले नै बनेको सूचि वा want to go मा गएर तपाईले उक्त ठाउँलाई नयाँ सूचिमा जोड्न सक्नुहुन्छ ।

**एन्ड्रोइड फोनमा लोकेसन सेभ गर्ने तरिका**

-सबैभन्दा पहिले मोबाइल फोनमा गुगल म्याप्स खोल्नुहोस् र आफूले सेभ गर्न चाहेको ठाउँ खोज्नुहोस् ।


-गुगल म्याप्समा उक्त ठाउँ खोज्नुहोस् ।

-त्यसपछि म्याप्समा उक्त ठाउँलाई मार्क गर्ने विकल्प देखिनेछ । त्यसो गरेपछि उक्त लोकेसनको सबै जानकारी पनि प्राप्त हुनेछ ।

-त्यसपछि स्क्रिनको तल बुकमार्क आइकन तथा सेभ लोकेसनको विकल्प रहने छ ।

-तपाईले आफ्नो इच्छा अनुसार लोकेसन सेभ गर्न सक्नुहुन्छ वा कुनै नयाँ सूचिमा उक्त ठाउँको नाम जोड्न सक्नुहुन्छ । ***-अनलाइन खबर डटकम***

# आइएसएस बारे नासा र स्पेसएक्सबीच सम्झौता




अमेरिकी अन्तरिक्ष एजेन्सी नासाले अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशन 'आईएसएस' लाई फिर्ता ल्याउन एलोन मस्कको स्पेसएक्सको मद्दत लिने बताएको छ । अमेरिकी अन्तरिक्ष एजेन्सीले स्पेसएक्सलाई पृथ्वीको वायुमण्डलबाट आईएसएसलाई प्रशान्त महासागरमा अन्तिम विश्राम स्थानमा लैजान अन्तरिक्ष यान निर्माण गर्न सम्झौता गरेको जनाएको छ, जुन २०३० मा रिटायर हुनेछ। युएस डिओर्बिट भेइकल नाम दिइएको अन्तरिक्ष यान विकास र वितरणका लागि एलोन मस्कको कम्पनीसँग ८४३ मिलियन डलरको सम्झौता भएको छ । केन बोवर्सक्सले भने, 'अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशनको लागि अमेरिकी डिओर्बिट गाडी छनोट गर्दा नासा र यसका अन्तर्राष्ट्रिय साझेदारहरूलाई फाइदा हुनेछ । यसले स्टेशनलाई यसको सञ्चालनको अन्त्यमा तल्लो पृथ्वीको कक्षामा सुरक्षित रूपमा ल्याउन मद्दत गर्नेछ ।' अमेरिकी अन्तरिक्ष एजेन्सीले स्पेसएक्सले निर्माण गरेपछि अन्तरिक्ष यानको स्वामित्व लिने योजना बनाएको छ र मिसनभरि यसको सञ्चालन नियन्त्रण गर्ने छ। अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशनको वजन ४ लाख ३० हजार किलोग्राम रहेको छ । यो अन्तरिक्षमा बनाइएको सबैभन्दा ठूलो एकल संरचना हो । मिर र स्काइल्याब जस्ता अन्य स्टेशनहरू वायुमण्डलमा पुन: प्रवेश गर्दा नष्ट भएको तरिकालाई ध्यानमा राख्दै, नासाका इन्जिनियरहरूले आईएसएसलाई तीन चरणहरूमा तोड्ने अपेक्षा गरेका छन् । पहिले, परिक्रमा गर्ने प्रयोगशालालाई चिसो राख्ने सौर्य प्यानल र रेडिएटरहरू बन्द हुनेछन् । व्यक्तिगत मोड्युलहरू त्यसपछि स्टेशनको ट्रस वा संरचनाबाट अलग हुनेछन् । अन्ततः ट्रस र मोड्युलहरू आफैं पतन हुनेछन् । अधिकांश सामग्री कथित रूपमा वाष्पीकरण हुनेछ, तर ठूला टुक्राहरू र हने आशा गरिएको छ । यस कारणका लागि, नासाले प्रशान्त महासागरमा पोइन्ट नेमो भनिने क्षेत्रको लागि लक्ष्य राखेको छ, संसारको सबैभन्दा दुर्गम क्षेत्रहरू मध्ये एक र उपग्रह र अन्तरिक्ष यानहरूको चिहानको रूपमा चिनिन्छ । आइएसएसको पहिलो खण्ड सन् १९९८ मा लन्च गरिएको थियो । २००१ देखि लगातार एक अन्तर्राष्ट्रिय चालक दल बसिरहेका छन् । ***-हाम्रा कुरा डटकम***

# केईको ईभी एक्स-३ प्रोको कति छ मूल्य ?

केई मोटर्सको आधिकारिक वितरक लक्ष्मी ई-मोविलिटी प्राइभेट लिमिटेडले इलेक्ट्रीक एसयूभी एक्स-३ प्रोको बुकिङ खुला गरेको छ । कम्पनीले काठमाडौंको भाटभटेनीमा सुविधा सम्पन्न सोरुम सञ्चालनमा ल्याउँदै बुकिङ खुला गरेको हो । कम्पनीले सुरुमा एक्स-थ्री प्रो मोडलका दुई भेरियन्टका लागि बुकिङ खुला गरिएको बताएको छ । केई एक्स-३ प्रोको डिलक्स र ृल्यागसिप भेरियन्ट उपलब्ध रहेको छ । डिलक्स भेरियन्टको मूल्य ४६ लाख ९६ हजार र ृल्यागसिप भेरियन्टको ४८ लाख ९६ हजार रुपैयाँ रहेको छ । कटिङ एज टेक्नोलोजी, स्लिक डिजाइन र उत्कृष्ट पर्फमेन्स दिनसक्ने एक्स-३ प्रो मोडल कम्प्याक्ट एसयूभी सेग्मेन्टमा विशेष मोडल बन्ने कम्पनीको विश्वास छ । गाडीमा ५३.६ किलोवाट आवर क्षमताको लिथियम आयोन फस्फेट ब्याट्री छ । १२० किलोवाट क्षमताको मोटर रहेको गाडीको अधिकतम टर्क २८० एनएम छ । सीएलटीसीका अनुसार गाडीले ४०१ किलोमिटर रेन्ज दिनेछ । गाडीलाई सात किलोवाट क्षमताको एसी चार्जरले आठ घन्टामा र १०० किलोवाटसम्मको चार्जर सपोर्ट गर्ने एसयूभीलाई ३० मिनेटमा ३० देखि ८० प्रतिशतसम्म चार्ज गर्न सकिने कम्पनीले जनाएको छ ।




एक्स-३ प्रो मोडलको लम्बाई ४४०० मिलिमिटर, चौडाई १८३१ मिलिमिटर र उचाई १६५३ मिलिमिटर रहेको छ । पाँच सिट क्षमताको एसयूभीमा २६३२ एमएम लामो ह्वीलवेस छ । यसको अगाडि म्याकफेर्सनको इन्डिपेन्डेन्ट सस्पेन्स र पछाडि मल्टी लिङ्क इन्डिपेन्डेन्ट सस्पेन्स छ । १८३ एमएमको ग्राउन्ड क्लियरेन्स रहेको गाडी पाँच रङमा उपलब्ध छ । केई एक्स-३ प्रोमा सबै एलईडी लाइट र १०.२५ इन्चको आधुनिक इन्फोटेन्टमेन्ट सिस्टम, सात इन्चको एलसीडी इन्फर्मेशन क्लष्टर, इन्टेलिजेन्ट स्काईरुफ, ड्यूल जोन एसी, वायर लेस चार्जर, पावर एड्जस्टेवल ड्राइभर सिट रहेको कम्पनीले जनाएको छ । गाडीमा एयरब्याग, ३६० डिग्री क्यामेरा, टायर प्रेसर मोनिटरिङ सिस्टम छ । यस्तै, गाडीमा एडासभित्र विशेष गरी हिल होल्ड एसिस्ट, हिल डिसेन्ट कन्ट्रोल, क्रुज कन्ट्रोल, इबीडीसहितको एबीएस ट्र्याक्सन कन्ट्रोल सिस्टम रहेको छ । कम्पनीले ब्याट्रीसहित सबै किसिमका मोटरलगायत इलेक्ट्रीकल कम्पोनेन्टमा आठ वर्षको वारेन्टी दिने बताएको छ । ग्राहक महानुभावहरूले केई एक्स् थ्री प्रोको विस्तृत जानकारी लिन ९८०१२०१५०८ मा सम्पर्क गर्न सकिनेछ । साथै, टेस्ट ड्राइभ गर्न भाटभटेनीस्थित सोरुममा जान सक्नेछन् । ***-बाह्रखरी डटकम***

# खाद्य सुरक्षाका लागि उत्कृष्ट कृषि अभ्यासमा जोड दिने

पाकिस्तानका राष्ट्रिय खाद्य सुरक्षा तथा अनुसन्धान मन्त्री राणा तनवीर हुसेनले उत्पादकत्व र खाद्य सुरक्षा वृदिका लागि देशले उत्कृष्ट कृषि अभ्यासमा ध्यान केन्द्रित गरिरहेको बताए छ ।



खाद्य सुरक्षा वर्तमान समयमा प्रमुख विश्वव्यापी चुनौती भएको उल्लेख गर्दै उहाँले पाकिस्तानले कृषिमा विशेष ध्यान दिई राष्ट्रिय अर्थतन्त्रको मेरुदण्ड निर्माण गरेको बताए चिनियाँ समाचार संस्था सीएनएनले जनाएको छ । कृषि उत्पादनमा सुधार र प्रविधि हस्तान्तरण प्रयासमा विशेष गरी चीन लगायतका देशहरूसँगको सहकार्यलाई ध्यानमा राख्दै उत्पादन बढाउन कृषि क्षेत्रमा अनुसन्धान र आधुनिक प्रविधि समावेश गर्ने प्रयास भइरहेको उनले बताए । विद्यार्थीलाई चीन पठाएर सीप सिकाउने र उत्पादन दोब्बर बनाउने योजना रहेको खाद्य सुरक्षा मन्त्री हुसेनले बताउनुभएको सिन्ह्वाको खबरमा उल्लेख छ । बाँझो जमिनलाई कृषियोग्य बनाउनेसहित थप जमिनलाई खेतीअन्तर्गत ल्याउने कदम लगायत किसानलाई अर्बौं रुपैयाँ ऋण प्रदान गरी नवीन योजना चलिरहेको उनको भनाइ छ । ***-उज्यालो खबर डटकम***

# बुटवलका १६ वडा पूर्ण संस्थागत प्रसुति सेवायुक्त घोषणा



**बुटवल,** असार १७/बुटवल उपमहानगरपालिकाका १६ वटा वडा पूर्ण संस्थागत प्रसुति सेवायुक्त वडा घोषणा भएका छन् । पूर्ण संस्थागत प्रसुति सेवायुक्त स्थानीय तह र जिल्ला घोषणा तथा सुनिश्चितता सम्बन्धी मापदण्ड २०८० अनुसार ति वडा पूर्ण संस्थागत प्रसुति सेवायुक्त वडा घोषणा गरिएको हो ।

घोषणा गरिएका १६ वटै वडालाई नगर प्रमुख खेलराज पाण्डेयले सोमबार एक कार्यक्रमका बिच घोषणाको प्रमाणपत्र हस्तान्तरण गरेका छन् । प्रमाणपत्र हस्तान्तरण गर्दै उनले आगामी वर्ष सबै वडाहरुलाई पूर्ण संस्थागत प्रसुति सेवायुक्त बनाउँदै नगरलाई पूर्ण संस्थागत प्रसुति सेवायुक्त पालिका घोषणा गर्ने तयारी रहेको बताए । प्रमुख पाण्डेयले छिटै नै बुटवल १३ र १७ मा स्थापना भएका अस्पताल भवनहरुबाट जनरल अस्पताल र फिजियोथेरापी अस्पतालको सेवा शुरु गर्ने समेत उल्लेख गरे । स्वास्थ्य क्षेत्रमा बालमृत्युदर र मातृमृत्युदर रोक्दै पोषण कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाएको उनले बताए । कार्यक्रममा उपप्रमुख सावित्रादेवी अर्यालले बुटवललाई स्वास्थ्य क्षेत्रमा सबल बनाउनका लागि वडातहबाटै सेवा सुधार गरिरहेको बताइन् । वडा नम्बर १५ का अध्यक्ष तथा प्रवक्ता शिव राना र वडा नम्बर १२ का अध्यक्ष डिल्ली प्रसाद शर्माले सबै वडालाई पूर्ण संस्थागत प्रसुति सेवायुक्त वडा घोषणा गर्ने गरी तयारी गरेको बताए । यस वर्ष बुटवलका वडा नं ६, १२ र १७ लाई प्राविधिक कारणले पूर्ण संस्थागत प्रसुति सेवायुक्त वडा घोषणा गर्न नसकिएपनि आगामी आर्थिक वर्षमा नगरलाई नै घोषणा गर्ने तयारीका साथ कार्यक्रम अगाडि बढाउने स्वास्थ्य शाखा प्रमुख युवराज पाण्डेले बताए ।

# आज खेलकुद पत्रकार दिवस मनाइँदै






**पाल्पा,** असार १७/आज विश्व खेलकूद पत्रकार दिवस नेपालसहित विश्वभर मनाइँदै छ । नेपालमा पनि विभिन्न कार्यक्रम आयोजना गरी यो दिवस मनाउन लागिएको छ । खासमा समाजमा खेलकुद पत्रकारले खेल्ने महत्वपूर्ण भूमिकाको सम्मानका लागि विश्व खेलकुद पत्रकार दिवस मनाउन थालिएको हो ।

खेलकुद वा स्पोर्टस विटमा कार्यरत पत्रकारहरुको लागि आज विशेष दिन हो । हरेक वर्ष जुलाई २ मा विश्व खेलकुद पत्रकार दिवस मनाउने गरिन्छ । यो सन् १९९४ बाट मनाउन थालिएको हो । सन् १९२४ मा बेलायतमा अन्तर्राष्ट्रिय खेलकुद प्रेस संघ (एआइपिस) स्थापना भएको दिनको स्मरण गर्दै हरेक वर्ष यो दिवस मनाउने गरिन्छ । पेरिसमा सम्पन्न भएको ओलम्पिकको अवसर मा एकै थलोमा भेला भएका खेल पत्रकारहरू मिलेर ९७ वर्षअघि एआइपीएसको स्थापना गरेका थिए । नेपालले सन २००६ मा एआइपिएसको सदस्यता लिएको थियो । अहिले हरेक सञ्चार गृहमा स्पोर्टस एउटा अपरिहार्य विट बनिसकेको छ । खेलकुदका समाचार विना कुनै पनि सञ्चार गृहबाट प्रसारण वा प्रकाशन हुने समाचार पूर्ण हुँदैनन् । विगतमा निकै थोरै संख्यामा मात्र खेलकुद पत्रकारहरु थिए । अहिले सञ्चारमाध्यमको विकास र सञ्चार गृहको संख्या वृद्धि भएसँगै खेलकुद पत्रकारहरु पनि धेरै संख्यामा देखिन थालेका छन् । हरेक मिडिया हाउसको लागि खेलकुद नभइ नहुने विट त बन्यो, तर पनि नेपालको पत्रकारिता राजनीतिमा बढी केन्द्रीत रहँदा खेलकुद क्षेत्रका समाचारहरु भने छायाँमा पर्ने गरेका छन् ।

## खेलकुद समाचार

# 'टिम अफ द टुर्नामेन्ट' मा भारतका ६ जना खेलाडी



**काठमाडौ,** असार १७/अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) ले टी-२० विश्वकप २०२४ को 'टिम अफ द टुर्नामेन्ट' घोषणा गरेको छ । उपाधि विजेता भारतीय टोलीका ६ जना खेलाडी आईसीसी टी-२० विश्वकपको 'टिम अफ द टुर्नामेन्ट' मा परेका छन् ।

भारतबाट कप्तान रोहित शर्मा, सूर्यकुमार यादव, हार्दिक पान्ड्या, अक्षर पटेल, जसप्रीत बुमराह र अर्शदीप सिंह रहेका छन् । रोहितले प्रतियोगिताभरि ३ अर्धशतकसहित २ सय ५७ रन बनाएका थिए । यस्तै सूर्यकुमारले २ अर्धशतकसहित १ सय ९९ रन, हार्दिकले १ सय ४४ रन र ११ विकेट, अक्षरले ९२ रन र ९ विकेट, बुमराहले १५ विकेट र अर्शदीपले १७ विकेट लिएका थिए । यसैगरी 'टिम अफ द टुर्नामेन्ट' मा अफगानिस्तानका रहमनुल्लाह गुरबाज, वेस्ट इन्डिजका निकोलस पूरन, अस्ट्रेलियाका मार्कस स्टोइनिस, अफगानिस्तानका राशिद खान र फजलहक फरूकी तथा १२ औं सदस्यका रूपमा दक्षिण अफ्रिकाका एनरिच नोर्ट्जे रहेका छन् । गुरबाजले ३ अर्धशतकसहित सबैभन्दा धेरै २ सय ८१ रन, पूरनले १ अर्धशतकसहित २ सय २८ रन, स्टोइनिसले १ सय ६९ रन र १० विकेट, राशिदले १४ विकेट, फरूकीले १७ विकेट, एनरिचले १५ विकेट लिएका थिए ।भारतले दक्षिण अफ्रिकालाई हराउँदै दोस्रो पटक टी-२० विश्वकपको उपाधि जितेको थियो । यसअघि सन् २००७ को पहिलो संस्करणमा भारत विजेता बनेको थियो ।

## अर्थ/कर्पोरेट समाचार

# इन्धनको मूल्य बढ्यो



**पाल्पा,** असार १७/नेपाल आयल निगमले इन्धनको मूल्य बढाएको छ । इन्डियन आयल कर्पोरेसनबाट आइतबार प्राप्त नयाँ खरिद मूल्यअनुसार नेपालमा पेट्रोल लिटरमा २ र डिजेल/मट्टितेल लिटरमा ५ रुपैयाँ बढाइएको हो ।

नेपाल आयल निगम सञ्चालक समितिकोको बैठकले इन्डियन आयल कर्पोरेसनबाट नयाँ खरिद मूल्य प्राप्त भएअनुसार पेट्रोलियम पदार्थको मूल्य बढाउने निर्णय गरेको थियो । नयाँ मूल्य सोमबार विहानदेखि लागू भएको निमगद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

खाना पकाउने ग्यास र हवाई इन्धनको मूल्य भने यथावत राखिएको छ । निगमले पेट्रोलको मूल्य पहिलो वर्गका लागि प्रतिलिटर एक सय ६४ रुपैयाँ ५० पैसा तोकेको छ । यसअघि पेट्रोलको १ सय ६२ रुपैयाँ ५० पैसा रहेको थियो । दोस्रो वर्गका लागि एक सय ६६ पर्ने छ । यहाँ पनि यस अघि १ सय ६४ रहेको थियो । यस्तै तेस्रो वर्गका लागि एक सय १६७ तोकेको छ । यस अघि यहाँ १ सय ६५ थियो । निगमका अनुसार डिजेल र मट्टितेलको मूल्य पहिलो वर्गका लागि प्रतिलिटर एक सय ५४ रुपैयाँ ५० पैसा पर्ने छ । यस अघि १ सय ४९ रुपैयाँ ५० पैसा रहेको थियो । दोस्रो वर्गका लागि एक सय ५६ पर्ने छ । यहाँ यस अघि १ सय ५१ थियो । यस्तै तेस्रो वर्गका लागि एक सय ५७ कायम भएको छ । यस अघि १ सय ५२ रहेको थियो । पहिलो वर्ग अन्तर्गत चारआली, विराटगर, जनकपुर, अमलेखगन्ज, भलबारी, नेपालगन्ज, धनगढी र वीरगन्ज, दोस्रो वर्ग अन्तर्गत सुर्खेत र दाङ तथा तेस्रो वर्गअन्तर्गत काठमाडौं, पोखरा र दिपाय रहेका छन् ।

# पालपासहित ...

...सो अवधिमा कोशी प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका थोरै स्थानम तथा मधेश प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका एक-दुई स्थानमा मेघ गर्जन/चट्याङसहित भारी वर्षाको सम्भावना रहेको छ । मनसुन सक्रिय रहेको अवधिभर कोशी प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका एक दुई स्थानमा भारी वर्षा हुने सम्भावना छ ।

महाशाखाका अनुसार न्यून चापीय रेखा आगामी केही दिन नेपालको दक्षिणी भाग/सिमाना आसपास रहने भएकाले मनसुन थप सक्रिय हुने सम्भावना कायमै रहेको हो । यही असार २० गतेसम्म आवश्यक सावधानी तथा सतर्कता अपनाउन महाशाखाले सबैमा अनुरोध गरेको छ ।

हरेक वर्षायाममा मुलुकका धेरैजसो जिल्लामा बाढी र पहिरोले जनता आक्रान्त बन्ने गरेका छन् । तराईमा बाढी र डुबान, पहाड र हिमाली क्षेत्रमा पहिरो लगायतका जोखिमका कारण वर्षेनी ठूलो जनधनको नोक्सानी हुने गरेको छ । यस वर्ष पनि मनसुन सुरु भएसँगै ठाउँ-ठाउँमा बाढी र पहिरोको समस्या देखिन थालेको छ । मापदण्ड विपरित खनिएका सडकले घर, खेतबारी नै बगाएर बिस्थापित हुनुको साथै मानविय क्षतिका घटनाहरु सार्वजनिक भइरहेका छन् । वर्षेनी निम्तिने प्राकृतिक विपत्तिमा सरकारको बेलैमा ध्यान जान नसकेकोले जनधनको क्षति हुने गरेको छ । तर सरकारले भने सधैं आफ्ना सबै निकायहरु तयारीमै रहेका बताउने गरेको छ ।


वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१


# पालपासहित देशभर...

...जबस सम्म क्रियाशिल पत्रकारहरुलाई बाहिरै राखेर गैर पत्रकारहरुलाई महासंघमा भित्र्याइन्छ तबसम्म युनियनले सशक्त रुपमा आन्दोलन गर्ने शर्माले महासंघलाई चेतानावनी दिए । सदस्यताको सुरुआत र किनारा लगाउने वैधानिक विधि हुँदा हुँदै केन्द्रले एकपक्षीय ढंगबाट सदस्यता वितरण गर्दा क्रियाशील पत्रकारलाई अन्याय भएको उनले बताए । युनियनका जिल्ला उपाध्यक्ष रामचन्द्र रायमाझीले महासंघको विधि र प्रकिया मिच्दै क्रियाशील पत्रकार हटाउनु र गैर पत्रकारलाई मतदाता नामावलीमा समावेश गरेको प्रति हाम्रो आपत्ति रहेको बताए । महासंघले जबसम्म युनियनमा आवद्ध केही क्रियाशिल पत्रकारलाई बाहिर राखेर अन्य संगठनका निष्क्रिय पत्रकारहरुलाई महासंघको सदस्यता दिन्छ तबसम्म हाम्रो संघर्ष जारी रहने उल्लेख गरे ।

युनियनका जिल्ला उपाध्यक्ष विष्णु खनाल, सचिव विष्णु घिमिरे, सह सचिवहरु वविता विष्ट, सन्तोष गहतराज, सदस्यहरु सुमन कार्की, मिना कुमाल, रुपा थापा लगायतका युनियनमा आवद्ध पत्रकारहरु महासंघको कार्यालयमा पुगेर धर्ना बसेका हुन् । युनियनका उपाध्यक्ष रामचन्द्र रायमाझीको अध्यक्षता, सचिव विष्णु घिमिरेको सञ्चालनमा दुई घण्टे धर्ना कार्यक्रम सकिएको थियो ।


मनको आवाज.............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com






हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई